फोन नं. ०१०५४१०८८

# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## स्याफ्रु, रसुवा
## बागमती प्रदेश, नेपाल

प. सं. २०८१/०८२
च. नं. ४५९

मितिः २०८१/०८/११

श्री आधारभूत तथा माध्यमिक तह सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय, सबै ।
गोसाईकुण्ड गाउँपालिका, रसुवा ।

प्रस्तुत विषयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगता सञ्चालन निर्देशिका, २०७९ ले तोके बमोजिम "पाचौं गोसाईकुण्ड गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ तपसिल बमोजिम सञ्चालन हुने भएकाले सोही बमोजिम तयारी गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

प्रतियोगिता सञ्चालन हुने मिति: २०८१ पुष १ गते देखि ३ गते सम्म

स्थान : स्याफ्रुवेंशी खम्बाटार खेल मैदान, रसुवा ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरु

१. भलिबल: क) छात्र ख) छात्रा

२. एथ्लेटिक्स :

क) दौड (ट्रयाक तर्फ)

छात्र : १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि. ,रिले: ४*१०० मि.

छात्रा : १०० मि.,२०० मि. ४०० मि. ८०० मि., रिले: ४*१०० मि.

ख) उफ्रने र फ्याक्ने (फिल्ड तर्फ)

छात्र: हाइजम्प, लङजम्प, ज्याभलिङ थ्रो (८०० ग्राम), सटफुट (१२ पाउन्ड)

छात्रा : हाइजम्प, लङजम्प, ज्याभलिङ थ्रो (६०० ग्राम), सटफुट (८ पाउन्ड)

सहभागी हुन पाउने विद्यार्थीहरु: १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म अध्ययनरत छात्र/छात्रा (जन्मदर्ता प्रमाण पत्रमा जन्म मिति २०६३/०८/१९ भन्दा पछि जन्म मिति रहेका विद्यार्थीहरु)

सहभागी फाराम बुझाउने अन्तिम मिति: सहभागी हुने विद्यार्थीहरुको विवरण, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो सहित शाखाबाट उपलब्ध गराइएको फारामको ढाँचामा भरी/भराइ मिति २०८१/०८/२० गते कार्यालय समय भित्र शिक्षा शाखामा बुझाउनु हुन अनुरोध छ साथै अन्तिम मिति भन्दा पछि आएका फारम उपर कुनै कारवाही गरिने छैन ।

थप विवरण अर्को सूचनामा प्रकाशित गरिने छ ।

पुनश्च: तोकिएको समयमा सहभागी फारम प्राप्त नभइ खेलाडी विद्यार्थीको बीमा नामावलीमा नाम छुट्न गएमा त्यसको जिम्मेवारी सम्बन्धित विद्यालयले लिनु पर्नेछ ।

कृष्ण बहादुर वि. क.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फाराम</u>

विद्यार्थीको अनुहार स्पष्ट देखिने हालसालै खिचेको पासपोर्ट साइजको रंगीन फोटो

१. सहभागी विद्यार्थीको नामः

२. IEMIS Registration No.:

३. विद्यालयको नाम/ ठेगानाः

४. अध्ययनरत कक्षाः

५. जन्म मितिः

६. सहभागी हुने खेलः

७. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

उल्लेखित व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिवको | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मोबाइल नं.: | मोबाइल नं.: | मोबाइल नं.: | मोबाइल नं.: |
| विद्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः | कार्यालयको छापः |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत